आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(दर्ता नं. १०८३/०६५/०६६)
को
नवौं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माईन्यूट)

१. वैधानिक सभाः

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको नवौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. रामहरि अर्यालज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. साधारण सभा बसेको मिति, स्थान र समयः

मिति : २०८२ साल पौष २४ गते बिहिबार, (तदनुसार जनवरी ८, २०२६)
स्थान : दियो महल, धुम्बाराही, काठमाण्डौं ।
समय : बिहानको १०:०० बजे ।

३. सभाको सूचनाः

कम्पनी ऐन, २०६३ को दफा ६७ उप–दफा (२) को प्रावधान अनुसार यस कम्पनीको नवौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०८२/०९/०१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक र दोस्रो पटक मिति २०८२/०९/१३ नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, उक्त सूचनासंगै कम्पनी ऐन, २०६३ को दफा ८४ को उप–दफा (४) बमोजिम आर्थिक वर्ष २०८१/०८२ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशित गरिएको थियो । सञ्चालक समितिले साधारण सभामा प्रस्तुत गर्ने सामान्य/विशेष प्रस्ताव र कम्पनी ऐन, २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइनुका साथै कम्पनीको आधिकारीक वेबसाईट www.imelifeinsurance.com मा समेत राखिएको थियो । सभामा उपस्थितिको लागि नियमनकारी निकाय श्री कम्पनी रजिष्ट्रारको

काठमाडौं

कार्यालय, श्री नेपाल बीमा प्राधिकरण र कम्पनीका आन्तरीक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकलाई पत्र मार्फत आमन्त्रण गरिएको थियो ।

४. छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचीहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री एस.ए.आर एशोसिएट्स चाटर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य रहेको) ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ को वितरण योग्य मुनाफाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ५,००,००,००,०००/-(अक्षरेपी पाँच अर्व रुपैंया मात्र) को १०.५२६३२% (अक्षरेपी दश दशमलव पाँच दुई छ तीन दुई प्रतिशत) का दरले हुने रु. ५२,६३,१५,७८९/-(अक्षरेपी बाउन्न करोड त्रिसठ्ठी लाख पन्ध्र हजार सात सय उनान्नब्बे रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजन समेत) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु :

(१) कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरवदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(२) कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम आर्थिक वर्ष २०८१/०८२ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विविध ।

५.उपस्थितिः

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरुः

१. डा. रामहरि अर्याल	अध्यक्ष
२. श्री उषा ढकाल, प्रतिनिधि श्री एक्रश होल्डिङ्ग प्रा.लि	सञ्चालक
३. श्री विनोद के.सी.	सञ्चालक (स्वतन्त्र)
४. श्री सिताराम थापा	सञ्चालक
५. श्री संदीप अग्रवाल	सञ्चालक
६. श्री रविन कुमार नेपाल	सञ्चालक (सर्वसाधारण शेयरधनी समूह) (अनुपस्थित)

५.२ अन्य पदाधिकारीको उपस्थितिः

१. श्री पवन कुमार खड्का	प्रमुख कार्यकारी अधिकृत
२. श्री दिनेश बहादुर अमात्य	उप–कार्यकारी प्रमुख
३. श्री खिलेन्द्र पौडेल	उप–कार्यकारी प्रमुख
४. श्री सुदिप राणा	प्रमुख, जोखिमाङ्कन विभाग
५. श्री जगत बहादुर बोहरा	प्रमुख, वित्त विभाग
६. श्री इन्द्र राज सुवेदी	प्रमुख, बजार व्यवस्थापन अधिकृत (प्रदेश कोशी, मधेश र बागमती)
७. श्री चन्द्र प्रसाद भट्टराई	प्रमुख, बागमती प्रदेश
९. श्री त्रिलोचन रावत	प्रमुख, जोखिम तथा परिपालन विभाग
१०. श्री प्रकाश न्यौपाने	कम्पनी सचिव/प्रमुख, कानून विभाग
११. श्री सन्दीप सुवेदी	प्रमुख, सूचना प्रविधि विभाग
१२. श्री ममता जैसवाल	प्रमुख, सम्पत्ति शुद्धीकरण निवारण विभाग
१३. श्री अर्चना के.सी.	प्रमुख, कर्पोरेट सेल्स
१४. श्री नारायण प्रसाद पौंडेल	प्रमुख, एजेन्सी विभाग
१५. श्री निरज शाही	प्रमुख, मानव संशाधन
१६. श्री तारा बहादुर खत्री	प्रमुख, ब्रान्डिङ विभाग
१७. श्री रिवाज घिमिरे	प्रमुख, बीमाङ्कीय विभाग
१८. श्री गोकर्ण कार्की	प्रमुख, प्रशासन विभाग
१९. श्री अनुजा राणा	प्रमुख, दाबी विभाग

२०. श्री विनिता खनाल — प्रमुख, ग्राहक सेवा विभाग

५.३ आमन्त्रित :

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय — अनुपस्थित

२. श्री नेपाल बीमा प्राधिकरण — अनुपस्थित

३. श्री एस.ए.आर एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स फर्म, बाह्य लेखापरीक्षक — श्री अमन उप्रेती

४. श्री पि वाई सि एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स फर्म, आन्तरीक लेखापरीक्षक — अनुपस्थित

५.४ शेयरधनीहरुको उपस्थितिः

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्याः ६८९ ।

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्याः २० ।

३. जम्मा उपस्थित संख्या : ७०९ ।

६.गणपूरक संख्या (कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम)

विवरण	जम्मा शेयर संख्या	उपस्थित शेयरधनी		उपस्थित (शेयर संख्या)		जम्मा शेयरधनी संख्या	जम्मा शेयर संख्या
		स्वयं	प्रतिनिधि मार्फत	स्वयं	प्रतिनिधि मार्फत	(स्वयं तथा प्रतिनिधि)	(स्वयं तथा प्रतिनिधि मार्फत)
सर्वसाधारण समूह	१,५०,००,०००.००	६६२	४	१,५९,६९९.७५	१,८७,१७९.७५	६६६	३४६८७९.५०
संस्थापक समूह	३,५०,००,०००.००	२७	१६	१,६९,७३,२२८.००	१,४०,४२,३८१.००	४३	३,१०,१५,६०९.००
कूल शेयर संख्या	५,००,००,०००.००	६८९	२०	१,७१,३२,९२७.७५	१,४२,२९,५६०.७५	७०९	३,१३,६२,४८८.५०
					कूल प्रतिशत	६२.७२%	

७. सभाको वैधानिकताः

७.१ कम्पनी ऐन, २०६३ तथा यस कम्पनीको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनीको नियमावलीको नियमको २३ अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको कम्तिमा ५१ प्रतिशतको शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थिति नभई

काठमाडौं

साधारण सभाको काम कारवाही प्रारम्भ हुनेछैन भन्ने व्यवस्था रहेकोमा यस कम्पनीको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ६८९ र प्रतिनिधिहरु मार्फत प्रतिनिधित्व गर्नेहरुको संख्या २० गरी जम्मा ७०९ भएको र कूल शेयरको ६२.७२% प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ यस कम्पनीको नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहानको १०:०० बजे अध्यक्ष डा. रामहरि अर्यालज्यूको अध्यक्षतामा यस कम्पनीको नवौं वार्षिक साधारण सभा सुरु भयो ।

८. वार्षिक साधारण सभाको प्रस्तुतिः

१. सभाका अध्यक्षज्यूले उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूचि अनुसार आ.व.२०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनका सम्बन्धमा विस्तृतरुपमा जानकारी दिनुभयो र छलफलका लागि सभा समक्ष प्रस्तुत गर्नु भयो । सँगसँगै लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचिहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा विस्तृतरुपमा सभा समक्ष पेश गर्नुभयो । सो सम्बन्धमा लेखापरीक्षण सहितको २०८२ आषाढ मसान्त सम्मको रु. २१,२३,३९,८०,७९२। (अक्षरेपी एकाइस अर्ब तेईस करोड उन्नचालिस लाख असि हजार सात सय बयानब्बे रुपैंया मात्र) को पूँजी र दायित्व तथा जायजेथा भएको वासलात र खुद मुनाफा (आयकर पश्चात) रु.३९,३२,४६,३५२। (अक्षरेपी उन्नचालिस करोड बत्तीस लाख छयालिस हजार तीन सय बाउन्न रुपैंया मात्र) रहेको आ.व.२०८१/०८२ को नाफा नोक्सान हिसाव तथा महा–विपत्ति कोष वापत रु.६,९५,५३,६७०। (अक्षरेपी छ करोड पञ्चानब्बे लाख त्रिपन्न हजार छ सय सत्तरी रुपैंया मात्र), स्थगन कर जगेडा वापत रु.३०,२२,९०,३४७। (अक्षरेपी तीस करोड बाईस लाख नब्बे हजार तीन सय सतचालिस रुपैंया मात्र) र अन्य जगेडा वापत रु.५८,४१,४५५ (अक्षरेपी अन्ठाउन्न लाख एकचालिस हजार चार सय पचपन्न रुपैंया मात्र) तथा आ.व.२०८०/०८१ को प्रदान गरिएको लाभांश रु.१,०५,२६,३२,०००। (अक्षरेपी एक अर्ब पाँच करोड छब्बिस लाख बत्तिस हजार रुपैंया मात्र) को समायोजन गरी बाँकी रहेको संचित मुनाफा र गत वर्षसम्मको संचित मुनाफाबाट स्थानान्तरण गरीएको संचित मुनाफा

रु.१,१५,२२,१२,०५७ (अक्षरेपी एक अर्ब पन्ध्र करोड बाईस लाख बाह्र हजार सन्ताउन्न रुपैंया मात्र) सहित संचित मुनाफा रु.७१,९७,२१,६३०। (अक्षरेपी एकत्तर करोड सन्तानब्बे लाख एक्काइस हजार छ सय तीस रुपैंया मात्र) वासलातमा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु.६२,५०,११,३९६। (अक्षरेपी बईसट्ठी करोड पचास लाख एघार हजार तीन सय छयानब्बे रुपैंया मात्र) भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा-नोक्सान हिसाव विवरण छलफलको निमित्त सभा समक्ष पेश गर्नु भयो ।

९. छलफलको लागि आवाहन र शेयरधनी महानुभावहरुः

९.१ यस कम्पनीको आ.व.२०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचिहरु सहितको वित्तीय विवरण माथि आ-आफ्नो मन्तव्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तब्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री गोविन्द बहादुर के.सी. ।
२. श्री अमिर दास रञ्जित ।
३. श्री ब्रम्हदेव शाक्य ।
४. श्री इन्द्र प्रसाद लामिछाने ।
५. श्री उत्तम पाठक ।
६. श्री योगेश्वर शर्मा ।

<u>लिखित राय सुभाव</u>

७. श्री उद्धव प्रसाद घिमिरे ।
८. श्री चन्द्र नारायण श्रेष्ठ ।
९. श्री गुणराज भट्ट ।
१०. श्री नरसिंह लाल चंखु ।
११. श्री उत्तम दत्त पाण्डे ।
१२. श्री जगन्नाथ आचार्य ।
१३. श्री निरुपमा गुप्ता ।
१४. श्री बैजु नाथ रौनियार ।
१५.श्री लक्ष्मण बहादुर श्रेष्ठ ।
१६. श्री रामजि प्रसाद पण्डीत ।
१७. श्री डम्मरु बल्लब घिमिरे ।
१८. श्री सुरेन्द्र चिमोरिया ।
१९. श्री माधव प्रसाद सिंखडा ।
२०. श्री सुदिप श्रेष्ठ ।

१०.छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नु भएका धारणाः

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम कम्पनीले समयमै वार्षिक साधारण सभा सम्पन्न गरेको, पारदर्शी ढङ्गले वार्षिक प्रतिवेदन प्रस्तुत गरेको र हालको चुनौतीपूर्ण आर्थिक अवस्थामा पनि निरन्तर मुनाफा वितरण गर्न सफल भएकोप्रति सन्तोष व्यक्त गर्नु भयो । विशेष गरी नगद लाभांश वितरण गर्ने प्रस्ताव सकारात्मक रहेको र यसले कम्पनीको वित्तीय सबलता तथा व्यवस्थापन क्षमताको संकेत गर्ने धारणा राख्नु भयो । कम्पनीको व्यावसायिक वृद्धिदर, बीमा शुल्क संकलन, जीवन बीमा कोष, रिजर्भ, नेटवर्थ तथा समग्र वित्तीय सूचकांकहरू सन्तोषजनक दिशामा अघि बढिरहेको राय व्यक्त गर्नु भयो । यद्यपि, भविष्यमा अझ दिगो र उच्च प्रतिफल सुनिश्चित गर्न लगानीको विविधीकरण, जोखिम व्यवस्थापन र दीर्घकालीन रणनीतिमा थप ध्यान दिनुपर्ने सुझावहरू दिनुभयो । शेयरधनीहरूले आगामी वर्षहरूमा कम्पनीले नगद लाभांशसँगै बोनस शेयरको सन्तुलित वितरण नीति अवलम्बन गर्न, खर्च व्यवस्थापनलाई थप प्रभावकारी बनाउन र लाभांश वितरणलाई क्रमशः वृद्धि गर्ने अपेक्षा व्यक्त गर्नु भयो । साथै, वार्षिक प्रतिवेदनलाई संक्षिप्त, तुलनात्मक र विश्लेषणात्मक बनाउन, त्रैमासिक प्रगतिको स्पष्ट विवरण समावेश गर्न र शेयरधनीलाई समयमै वार्षिक प्रतिवेदन उपलब्ध गराउन सुझाव दिनु भयो ।

त्यसैगरी डिजिटल प्रविधिको प्रयोग बढाई बीमा सेवा सरल, छरितो र पारदर्शी बनाउन, दाबी भुक्तानी प्रक्रियालाई अझ सहज बनाउन र ग्राहक सन्तुष्टिमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनु भयो । कर्मचारीको क्षमता अभिवृद्धि, तालिम, कार्यसम्पादन र उत्प्रेरणामा लगानी गर्नुपर्नेमा पनि जोड दिनुभयो । शेयरधनीहरूले संस्थागत सुशासन, नियामक मापदण्डको पालना, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य तथा विपद् पुनर्निर्माण जस्ता क्षेत्रमा गरिएको योगदानको सराहना गर्नुभयो । भविष्यमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई स्पष्ट नीति, पारदर्शिता र प्रभावकारिता सहित अघि बढाउन सुझाव दिनु भयो । समग्रमा, शेयरधनीहरूले कम्पनीको हालसम्मको प्रगति, व्यवस्थापनको प्रतिबद्धता र दीर्घकालीन सम्भावनाप्रति विश्वास व्यक्त गर्दै आगामी दिनमा अझ सबल, प्रतिस्पर्धी र शेयरधनीमैत्री संस्थाका रूपमा स्थापित हुनका लागि शुभकामना व्यक्त गर्नुभयो ।

११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतिकरण :

छलफलको क्रममा शेयरधनी वक्ताहरुले बुँदागतरुपमा देहाय बमोजिमको धन्यवाद, विचार तथा सुझाव एवं मन्तव्य व्यक्त गर्नु भएको थियो ।

१. श्री गोविन्द बहादुर के.सी. ।

आजको यस आई.एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिवज्यू, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारी तथा यहाँ उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी साथीहरुमा हार्दिक नमस्कार ज्ञापन गर्न चाहन्छु । देशको वर्तमान आर्थिक स्थिति सन्तोषजनक नभई आर्थिक मन्दी लगायत विभिन्न समयमा हुने राजनैतिक उतारचढाव र प्राकृतिक विपत्ति जस्ता परिस्थितिबाट गुज्रिरहेको भए पनि कम्पनीले नवौं वार्षिक साधारण सभा चलिरहदा शेयरधनीहरुको लागि १०.५२६३२% नगद लाभांश दिन सफल भएकोमा कम्पनीका सम्पूर्णमा धन्यवाद दिन चाहन्छु । विद्यमान अवस्थामा जीवन बीमा कम्पनीहरुलाई व्यवसाय गर्न ज्यादै असहज भईरहेको अवस्था छ । बैंक तथा वित्तिय संस्थाहरुको व्याजदर समेत न्यूनतम विन्दुमा झरिरहेको अवस्थाले पनि कम्पनीहरुलाई नाफा कायम गर्न एकदमै गाह्रो भईरहेको छ । यस अवस्थामा कम्पनीले व्यवसाय वृद्धिमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी विगतको तीन वर्षको कम्पनीको लाभांशको मुल्याङ्कन गर्दा निरन्तर घट्ने क्रममा रहेको देखिन्छ तर पनि दोहोरो अंकको नगद लाभांशको प्रस्ताव सन्तोषजनक नै रहेको छ । कम्पनीको वार्षिक प्रतिवेदनको आकार ठुलो रहेको देखिन आएको हुँदा आगामी वर्षमा वार्षिक प्रतिवेदनको आकारमा केही हदसम्म परिमार्जन गर्नु पर्ने देखिन्छ । भविष्यमा समिक्षा वर्षमा भोगेका चुनौतिहरुलाई कम्पनी अनुकुल बनाई व्यवसाय वृद्धि गर्ने, रोजगारी सृजना गर्ने र देश सम्वृद्धि बनाउन तर्फ लाग्न सबैमा अनुरोध गर्दछु । साथै जीवन बीमाका लागि आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनीलाई नै रोज्न सवैलाई अनुरोध गर्दै अन्त्यमा आगामी वर्षहरुमा कम्पनीले उच्च प्रतिफल प्रदान गर्न सकोस भन्ने कामना गर्दछु ।

२. श्री अमिर दास रञ्जित ।

यस सभाका अध्यक्ष महोदय, सञ्चालक ज्यूहरु, व्यवस्थापन समूह र मेरा शेयरधनी साथीहरुमा म अमिर दास रञ्जितको नमस्कार । सर्वप्रथम बीमा कम्पनीहरुले पौष मसान्त भित्र सभा आयोजना गर्न सफल भएकोमा अत्यन्त खुसी लागेको छ तर पौष मसान्त भित्र साधारण सभा गर्दा एकै समयमा नभई फरक फरक समयमा अन्य कम्पनीले तोकेको समयसंग मेल नखाने गरी वार्षिक साधारण सभा आयोजना गर्नुहुनका लागि अनुरोध छ । एकै समयमा साधारण सभा आयोजना हुँदा शेयरधनीहरुले आफुले लगानी गरेका अन्य कम्पनीको साधारण सभामा सहभागि हुन नपाउने भएकाले शेयरधनीमैत्री वातावरण र शेयरधनीको तर्फबाट समेत सोचविचार गरिदिनु हुनका लागि हार्दिक अनुरोध छ । लगानीकर्ताको मुख्य उद्धेश्य प्रतिफल नै हो , प्रतिफल progressive र consistent हुनुपर्दछ तर कम्पनीको तीन वर्षको लाभांश हेर्दा घट्दो क्रममा रहेको देखिन्छ ।

त्यसैगरि कम्पनीले नगद लाभांश मात्र नभई बोनस शेयर समेत वितरण गर्नुपर्ने हुन्छ । आगामी वर्ष नगद लाभांश र बोनस शेयर ५०/५० को अनुपातमा वितरण गर्न सुझाव दिन चाहन्छु । कम्पनीको वार्षिक प्रतिवेदन बृहत र राम्रो भएकोले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सहभागिता जनाउन योग्य रहेको देखिन्छ जुन प्रशंसनीय कार्य हो । कम्पनीको व्यवसाय सहित अन्य सूचकांक वृद्धि भएको देखिन्छ तर खुद नाफा के-कति कारणले घटेको हो ? जानकारीका लागि अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदनमा दुई आर्थिक वर्षको सूचकांकको तुलानात्मक विवरण उपलब्ध गराउनु भन्दा समिक्षा वर्षको प्रत्येक त्रैमासको र चालु आर्थिक वर्षका त्रैमासको तुलनात्मक विवरण र वृद्धिदर पेश गरिदिनु हुनका लागि अनुरोध छ । त्यसैगरि, शेयरबजार Speculation मा आधारित व्यवसाय भएकाले यसमा Entry र Exit गर्दा कम्पनीले विशेष ध्यान दिनु पर्ने हुन्छ । तसर्थ, कम्पनीले शेयर बजारमा मात्र नभइ लगानीलाई विविधिकरणमा ध्यान दिनुपर्ने देखिन्छ । वित्तीय विवरणले पुष्टि गर्न सक्ने क्षेत्रमा लगानी गर्नुहुनका लागि अनुरोध छ । साथै, कम्पनीको मुख्य आयस्रोत व्याजदर पनि रहेको हुँदा, व्याजदर बढे पश्चात् अन्य सुचकांकहरु पनि स्वतः वृद्धि हुने अपेक्षा लिएको छु । अन्त्यमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

३. श्री ब्रम्हदेव शाक्य ।

आदरणीय सभाध्यक्षज्यू, यस आई.एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभामा आफूलाई लागेको केही कुरा राख्न चाहन्छु । सर्वप्रथम कम्पनीले निर्धारित समय सिमाभित्र साधारण सभा बोलाएकोमा आभार व्यक्त गर्दछु । यस कार्यले कम्पनीमा संस्थागत सुशासन चुस्त र दुरुस्त रहेको पुष्टि गर्दछ । जुन कम्पनी तथा हामी शेयरधनीहरूको हितका लागि अनिवार्य छ । यस सभामा छलफलका लागि प्रस्तुत गरिएका ४ वटा सामान्य र २ वटा विशेष प्रस्तावहरू मध्ये हामी शेयरधनीहरुका लागि आकर्षक लाग्ने प्रस्ताव भनेको सामान्य प्रस्ताव न.४ मा उल्लेखित १०.५२६३२% को नगद लाभांश वितरण गर्ने प्रस्ताव रहेको छ । उक्त प्रस्तावको सहर्ष समर्थन गर्दै त्यस्तो प्रस्ताव ल्याउन सक्ने गरी काम गर्नु हुने सबैलाई धन्यवाद ज्ञापन गर्दछु । कम्पनीले नगद लाभांश नै वितरण गर्ने क्षमता राखेकोमा कम्पनीको वित्तीय स्वास्थ राम्रो रहेको इंकित गर्दछ । आगामी वर्ष पनि कम्पनीले वित्तीय स्वस्थ्यता कायम राख्दै हामीहरूलाई दोहोरो अंक मै लाभांश दिन सक्ने क्षमता राखेको प्रतिवेदनले देखाएको छ जुन सुखद् छ । त्यसैगरी सामान्य प्रस्ताव न. १ अन्तर्गत अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सचालक समितिको तर्फ बाट प्रस्तुत गर्नु भएको प्रतिवेदन यथार्थपूर्णका साथै उत्साहजनक रहेको छ । कम्पनीको कूल बीमाशुल्क, नविकरण शुल्क, जीवन बीमा कोष, सोल्भेन्सी अनुपात आदिको क्रमशः वृद्धि हुँदै गएको प्रतिवेदनले

दिखाएको छ । यो ज्यादै सन्तोषको कुरा हो । यसले हामी शेयरधनीहरूलाई लाभांशको बर्षा हुने कुरामा ढुक्क बनाएको छ, भने बीमितहरुलाई आर्थिक सुरक्षा प्रदान गर्न कम्पनीलाई मजबुत बनाएको छ । यसलाई कल्याणकारी कार्य नै मान्न सकिन्छ । यसै प्रसंगमा बीमितहरूको स्वास्थ अवस्था दुरुस्त राख्न बीमितहरु लक्षित स्वास्थ्य शिविर सञ्चालन गर्न समेत सुझाव राख्दछु । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको कार्यहरूको अनुमोदन गर्दछु । यस शिर्षक अन्तर्गत आगामी वर्ष खर्च गरिने रकमलाई गत भाद्र २४ गते घटेको विध्वंसात्मक घटनाबाट ध्वस्त भएका सरकारी संरचनाहरूको पुनः र्निमाण गर्न सरकारले खडा गरेको राष्ट्रिय पुनःर्निमाण कोषमा सहयोग गर्नका लागि समेत सुझाव राख्दछु । अन्त्यमा यस कम्पनीको हितका लागि काम गर्नु भएको सबैलाई धन्यवाद दिँदै यस सभामा प्रस्तुत गरिएको सबै प्रस्तावहरूमा आफ्नो समर्थन रहेको अवगत गराउँदछु । शुभ होस, सबैको मंगल होस/ सभा सफल होस् ।

४. श्री इन्द्र प्रसाद लामिछाने ।

यस कम्पनीको नवौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, मञ्चमा आसिन सञ्चालकज्यूहरु, अतिथिज्यूहरु, गरिमामय साधारणसभामा उपस्थित शेयरधनीमा नमस्कार छ । सर्वप्रथम जीवन बीमा कम्पनीहरुले पनि पौष मसान्तभित्र वार्षिक साधारण सभा अयोजना गर्न सफल भएकोमा सवैमा धन्यवाद व्यक्त गर्न चाहन्छु तर वार्षिक साधारण गर्दाका बखत एकै समयमा नभई फरक फरक समयमा अन्य कम्पनीले तोकेको समयसंग मेल नखाने गरी आयोजना गरेमा शेयरधनीहरुको उल्लेखनिय उपस्थिति हुने थियो, यस विषयमा आगामी दिनमा विचार गरीदिनुहुनका लागि अनुरोध छ । संभव भएसम्म कार्तिक देखि मंसिरभित्र साधारण सभा सम्पन्न गर्न आग्रह गर्दछु । समीक्षा वर्षका लागि प्रदान गरीएको १०.५२३६२% नगद लाभांशका लागि सवैमा धन्यवाद छ तर हामीले कम्पनीबाट अझ बढी आशा गरेको थियौं । भविष्यमा कम्पनीले व्यापार/व्यवसाय वृद्धि गरी उच्च प्रतिफल प्रदान गर्ने विश्वास लिएको छु । कम्पनीको EPS मा बृद्धि भईरहेको छ, जुन सकारात्मक पक्ष हो तर कम्पनीको Networth घट्दो क्रममा रहेकाले सुधारात्मक कदम चाल्नु पर्ने देखिन्छ । कम्पनीको वार्षिक विवरण वृहत भए पनि यसमा धेरै विषयहरु समावेश गरिएकोले राम्रो छ । आगामी दिनमा वार्षिक प्रतिवेदन समयमा नै उपलब्ध गराईदिनुहुनका लागि अनुरोध छ । साथै वार्षिक प्रतिवेदनमा टिपोट गर्न एउटा खालि पृष्ठ राखिदिनु हुन अनुरोध गर्दछु । धन्यवाद, जय आईएमई लाइफ ।

५. श्री उत्तम पाठक ।

यस आई.एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, सञ्चालकज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू, उच्च व्यवस्थापनमा रहनु भएका कर्मचारीहरु र उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुमा मेरो हार्दिक अभिवादन । यस कम्पनीमा वक्ताका रुपमा आफ्नो राय सल्लाह र सुझाव पेश गर्नु हुने शेयरधनीहरु सिमित रही विगत देखि नै दोहोरी रहेका व्यक्तिहरु रहेको हुनाले उल्लेखित व्यक्तिहरुलाई साधारण सभा हुनु भन्दा केहि दिन अघि नै वार्षिक प्रतिवेदन उपलब्ध गराई दिने वातावरण मिलाई दिनुहुनका लागि अनुरोध छ । सो गरेको खण्डमा साधारण सभामा अर्थपूर्ण राय, सल्लाह र सुझाव पेश गर्न सकिने व्यहोरा अनुरोध छ । अब लाभांश वितरण सम्बन्धी अवधारणालाई यस कम्पनीले मात्र नभई समग्रमा सम्पूर्ण बैंक तथा वित्तिय संस्थाहरुले परिवर्तन गर्नुपर्ने दखिन्छ । कम्पनीले आर्जन गरेको सम्पूर्ण मुनाफा वितरण मात्र नगरी संचित गर्नुपर्ने धारणा व्यक्त गर्दछु । सो कार्य गर्नाले कम्पनीको जगेडा मजबुत भई नेटवर्थ र शेयर मूल्य अधिकतम कायम हुने राय पेश गर्दछु । त्यसैगरि वार्षिक प्रतिवेदनमा टिपोट गर्न एउटा खालि पृष्ठ राखिदिनु हुन अनुरोध गर्दछु । वार्षिक साधारण सभाको मिति एकै दिन तय गरेपनि समय भने फरक फरक तोकिदिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु । अन्त्यमा नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट जारी संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गत अनिवार्यरुपमा गर्नुपर्ने खर्चका सम्बन्धमा गरीएको व्यवस्था र उक्त खर्चलाई साधारण सभाबाट अनुमोदन गर्नु पर्ने अभ्यास एक आपसमा बाँझिएको जस्तो देखिन आएको हुँदा कम्पनीको सञ्चालक समिति तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई नीतिगत स्पष्टताका लागि सम्बन्धीत स्थानमा आवश्यक पहल गर्नहुनका लागि अनुरोध गर्दछु ।

६. श्री योगेश्वर शर्मा ।

यस साधारण सभाका अध्यक्षज्यू, सञ्चालकज्यूहरू, कर्मचारी मित्रहरु, शेयर सदस्य साथीहरूमा नमस्कार । यस साधारण सभाका लागि मेरा केहि सुझाव पेश गर्दछु । कम्पनीको साधारण सभा अयोजना गर्दा सबै शेयरधनीहरुलाई समावेश गर्ने तरिकाले अन्य कम्पनीको समयसंग मेल नहुने गरी मिति, समय तथा स्थान निर्धारण गर्नुपर्ने सुझाव दिन चाहन्छु । साधारण सभा कम्पनीको उन्नति तथा प्रगतिका सम्बन्धमा आफ्नो शेयरधनीहरुलाई जानकारी दिने माध्यम भएको र उक्त अवसर एक वर्षमा एक दिन मात्र हुने भएकोले आगामी दिनमा यस विषयमा विचार गर्नुहुन अनुरोध गर्न चाहन्छु । सभालाई कम्पनीको प्रचार प्रसारको लागि एउटा राम्रो माध्यमका रुपमा समेत कम्पनीले प्रयोग गर्न सक्नु पर्ने धारणा व्यक्त गर्दछु । शेयरधनीहरुलाई लक्षित गरी वित्तीय विवरण सहित अन्य आवश्यक विषयहरु समेटी छुट्टै वार्षिक प्रतिवेदनको सारांश सहितको

पुस्तिका तयार गरी शेयरधनीहरुलाई वितरण गर्न सकिने विषयमा सबैको ध्यानाकर्षण गराउँन चाहन्छु । साधारण सभामा व्यक्त भएका सकारात्मक विषयहरुलाई कार्यान्वयन गर्ने र नकारात्मक विषयहरुलाई सुधार गर्दै लैजानु पर्ने सुझाव व्यक्त गर्दछु । कम्पनीको सञ्चालक समिति भन्दा यस विषयमा पनि व्यवस्थापनले जिम्मेवारी लिनु पर्ने देखिन्छ ।

७. श्री उद्धव प्रसाद घिमिरे । (लिखित राय सुझाव)

कम्पनीका नवौं वार्षिक साधारण सभाका सभाध्यक्ष तथा सञ्चालक समितिका अध्यक्षज्यू, सञ्चालक समितिका सदस्यज्यू, Dynamic प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनीका कर्मचारी, मिडियाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा मेरो नमस्कार छ । कम्पनीको Balance Sheet को Portfolio अत्यन्त राम्रो छ । कम्पनीले १०.५२६३२% नगद लाभांश प्रस्ताव गर्नु प्रशंसनीय छ । यसका लागि कम्पनीका सञ्चालक समिति, व्यवस्थापन समिति तथा सम्पूर्ण कर्मचारीहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि कम्पनीबाट यस प्रकारको प्रतिफल प्राप्त गर्ने अपेक्षा गरेका छौं । अन्त्यमा यस कम्पनीको उन्नति तथा प्रगतिको कामना गर्दछु ।

८. श्री चन्द्र नारायण श्रेष्ठ । (लिखित राय सुझाव)

आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारणसभामा लिखित मन्तव्य यस प्रकारको रहेको व्यहोरा अनुरोध छ । कम्पनीले आर्थिक वर्ष २०८०/८१ मा नगद लाभांशको रूपमा १०५ करोड प्रदान गरेको थियो र आर्थिक वर्ष २०८१/८२ मा पनि अन्य जीवन बीमा कम्पनीहरु जस्तै राम्रो प्रतिफल दिने उद्देश्य राख्नुपर्ने हो, तर यस वार्षिक साधारण सभाबाट १०.५२६३% नगद लाभांश अर्थात रु. ५२ करोड ६३ लाख पारित गर्ने उद्देश्यले सभा बोलाइएको छ, यसको निम्ति कम्पनीका सबैलाई धेरै धेरै धन्यवाद व्यक्त गर्दछु । विद्यमान वित्तीय असहजताका बाबजुद पनि कम्पनीले हालका बैंकहरुको ब्याजदर भन्दा राम्रो प्रतिफल दिएको छ । उक्त परिस्थिति नभएको भए कम्पनीले अझ बढी प्रतिफल दिने विषयमा म विश्वस्त थिएँ । अब कम्पनीले यस अघिका वर्षहरु जस्तो उच्च प्रतिफल सुनिश्चित हुनेगरी कार्य सम्पादन गर्ने विश्वास लिएको छु । कम्पनीको कूल व्यवसायमा वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिक अवधिमा कूल व्यवसाय र कूल लगानी विवरण संक्षिप्त रूपमा सभामा जानकारीका लागि निवेदन गर्दछु । त्यसैगरी कम्पनीको कूल सम्पत्ति कति रहेको छ ? कूल लगानी तथा बीमालेख धितो वापतको ऋण कति पुगेको छ ? जानकारीका लागि अनुरोध छ । त्यसैगरी शेयर बजारमा लगानी गर्दा विवेकपूर्ण तरिकाले गर्नु पर्ने विचार व्यक्त गर्दछु । NFRS 17 कार्यान्वयनको

जानकारीका लागि शेयरधनीहरुसंग अन्तरकिया कार्यकम राख्नु पर्ने हो की ? दाबी भुक्तानी र समर्पणको अवस्था के कस्तो छ ? जानकारीका लागि अनुरोध छ । अन्त्यमा कम्पनीको महत्वपूर्ण आर्थिक सूचकांकहरु राम्रो छ जसले शेयरधनीको लगानी सुरक्षित मात्र नभई कम्पनीको भविष्य र बीमितको समेत हितको सुनिश्चित भएको देखिन्छ । आगामी वर्षहरुमा समेत यस्तै उन्नति प्रगति हुनेछ भन्ने आशा सहित इ.सं. २०२६ को शुभकामना समेत व्यक्त गर्दछु । धन्यवाद ।

९. श्री गुणराज भट्ट । (लिखित राय सुझाव)

समीक्षा वर्ष २०८१/८२ मा १०.५२६३२% नगद लाभांश प्रस्ताव गरिएकोमा लाखौं लाख धन्यवाद व्यक्त गर्न चाहन्छु । आगामी वर्ष यो भन्दा धेरै लाभांश लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । कम्पनीको संस्थागत सुशासन, बलियो भएकै कारण यति राम्रो लाभांश वितरण गर्न सकिएको मेरो बुझाई छ । प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिव जस्तै कम्पनीका लागि विशेष परिश्रम गर्ने अन्य कर्मचारीहरुलाई पुरस्कृत तथा विशेष तालिमको व्यवस्था गर्न अध्यक्षज्यूलाई सादर अनुरोध गर्दछु । प्रस्तावित सबै प्रस्तावहरूको समर्थन गर्दै साधारण सभाको सफलताको कामना गर्दछु ।

१०. श्री नरसिंह लाल चंखु । (लिखित राय सुझाव)

वार्षिक प्रतिवेदनमा उल्लेख भएका वित्तीय सूचकांकहरु प्रगतिउन्मुख रहेको देखिन्छ । १०.५२६३२% नगद लाभांश वितरण गर्ने प्रस्तावका लागि कम्पनीको सञ्चालक समिति, व्यवस्थापन समूह तथा मानव संशाधन प्रति हार्दिक आभार प्रकट गर्दछु । कम्पनीको जीवन बीमाकोष, बीमाशुल्क संकलन रिर्जभ, Retained earning एवं वितरणयोग्य मुनाफालाई सुधारात्मक र सन्तोषजनक मान्नुपर्छ । कम्पनीको आम्दानीका क्षेत्र मजबुत हुदै गएकोले खुद नाफा एवं EPS मा सुधार भएको देखिन्छ । प्राप्त वार्षिक प्रतिवेदनबाट कम्पनीको व्यावसायिक वृद्धिमा व्यवस्थापन सजक रहेको र व्यवस्थापनले हाल अवलम्वन गरीरहेको रणनीति तथा कार्ययोजनाहरु समयसान्दर्भिक रहेको देखिन्छ । कम्पनीले सदैव Business culture, Business channel, Business network, working skill समयानुकुल परिमार्जन गर्दै profit maximize गर्न प्रयासरत हुनुपर्दछ । आर्थिक सूचकांकहरु अझ सुधार गर्न र लगानी विविधिकरणमा ध्यान दिन सुझाव दिन चाहन्छु । त्यसैगरी कम्पनीले बजारमुखी, नाफामुखी एवं परिणाममुखी व्यवस्थापनमा जोड दिएको महसुश गर्न सकिन्छ । अन्य बीमा कम्पनी भन्दा आफु परिमार्जीत एवं advanced ढाँचाले बीमा बजारमा प्रस्तुत हुनुपर्छ भन्ने

concept ग्रहण गरेको देखिन्छ । कम्पनीले असुल उपर गर्नुपर्ने बाँकी रकम असुल गर्न सदैव कोसिश जारी राख्नु पर्ने सुझाव दिन चाहन्छु । यस कार्यमा कम्पनीका कर्मचारीहरु आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्न पछि परेको छैनन् भन्ने विश्वास लिएको छु । अन्त्यमा सुशासन र Brand image मा कम्पनी सफल छ भन्दै कम्पनीको आगामी दिन शुभ होस् भन्ने कामनाका साथ साधारण सभामा पेश गरीएका सबै Agenda मा मेरो समर्थन जनाउँदछु ।

११. श्री उत्तम दत्त पाण्डे । (लिखित राय सुझाव)

यस आई एम ई लाइफ इस्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधरण सभाका अध्यक्षज्यू, सञ्चालकहरूज्यू, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, शेयरधनी साथिहरुमा हेमन्त ऋतुको न्यानो अभिवादन व्यक्त गर्दछु । विश्व अर्थतन्त्रमा सुधार आए पनि ०८१/०८२ मा नेपालको आर्थिक क्षेत्रमा आएको सुस्तता सँगै बैंक तथा वित्तीय क्षेत्रमा कर्जा प्रवाह तथा मुद्दती निक्षेपमा प्राप्त हुने व्याज दरमा आएको कमिका कारण बीमा कम्पनीहरूको लगानी तथा आम्दानी प्रभावित भएता पनि कम्पनीले दिर्घकालिन प्रतिफल दिने कम्पनीहरुमा लगानी गरेको देखिन आएको हुँदा उक्त कार्य स्वागत योग्य छ । कम्पनीले हालको विषम् परिस्थितिका बाबजुद पनि १०.५२६३२% नगद लाभांश वितरण गर्ने प्रस्ताव पेश गरेको स्वागतयोग्य छ तर यो प्रतिफल विगतका वर्षभन्दा कम रहेकोले आगामी दिनमा उच्च प्रतिफल दिनका लागि आवश्यक कार्य गर्न सुझाब दिन चाहन्छु । आगामी दिनमा कम्पनीले आर्थिक सूचकांक वृद्धि गर्नका लागि आवश्यक नीति तथा कार्ययोजना कार्यान्वयन गर्ने विश्वासका साथ यस साधारण सभामा पेश गरीएका सामान्य तथा विशेष तर्फका सम्पूर्ण प्रस्तावकहरुको समर्थन गर्दछु ।

१२. श्री जगन्नाथ आचार्य । (लिखित राय सुझाव)

आज मिति २०८२/०९/२४ गते बिहीबारको दिन हुन गई रहेको यस आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनीको नवौ वार्षिक साधारण सभामा मलाई शेयरधनीको हैसियतले केहि विचार व्यक्त गर्न अवसर दिनु भएकोमा कम्पनीलाई धन्यवाद व्यक्त गर्दछु । हामी शेयरधनीलाई कम्पनीबाट आशा लाग्ने भनेकै लगानीको उचित प्रतिफल हो । कम्पनीले आर्थिक वर्ष २०८१/०८२ को मुनाफाबाट लगानीकर्तालाई १०.५२६३२% नगद लाभांश प्रस्ताव गर्नु सन्तोषजनक मान्न सकिन्छ, तर उक्त लाभांश बोनस शेयरको रुपमा प्रदान गर्न सकेको भए अझ राम्रो हुने थियो । प्राप्त वार्षिक प्रतिवेदन अध्ययन गर्दा कम्पनीका आर्थिक सूचकांकहरु सन्तोषजनक नै पाइन्छ । सो सम्बन्धमा अध्यक्षज्युको मन्तव्य र सञ्चालक समितिबाट पेश

गरीएको प्रतिवेदनमा बिस्तृत रुपमा समावेश भईसकेकाले थप व्याख्या गर्न आवश्यक ठान्दिन। त्यसैगरी बिगतमा बीमा कम्पनीहरुले मुद्दति खातामा रकम जम्मा गरि बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने व्याजलाई नै प्रमुख आम्दानीको रुपमा देखाउने गरेकोमा हाल बैंक तथा वित्तीय संस्थाको व्याजदर न्यूनतम् बिन्दुमा पुगेकोले कम्पनीले लगानी विविधिकरणमा ध्यान दिनुपर्ने सुझाव दिन चाहन्छु । कम्पनीले आवश्यकता अनुसार विभिन्न ग्रामिण भेगमा शाखा तथा उप-शाखा कार्यालयहरुको विस्तार गर्दै कम्पनीका कर्मचारीहरुलाई समय-सापेक्ष तालिम दिलाउदै आक्रामक व्यापार विस्तार गर्नुपर्ने सुझाव दिन चाहन्छु। कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्ने खर्चहरुमा पारदर्शिता तथा मितव्ययीता अपनाउनु पर्ने र नियमित अनुगमन गर्नु पर्ने सुझाव दिन चाहन्छु। त्यसैगरी कम्पनीका चल अचल सम्पत्तिको बीमा गर्नुपर्ने सुझाव दिन चाहन्छु। अन्त्यमा आगामी वर्ष उच्च प्रतिफल प्रदान गर्न सफल होस् भन्दै कम्पनीको वार्षिक साधारण सभाको सफलताको कामना गर्न चाहन्छु ।

१३. श्री निरुपमा गुप्ता। (लिखित राय सुझाव)

कम्पनीको आर्थिक सूचकांक राम्रो छ। साधारण सभा पौष महिना भन्दा अघि नै सम्पन्न गर्न आग्रह गर्दछु । मूलतः यस साधारण सभामा मेरो दुई जिज्ञासा रहेका छन् । प्रथम जिज्ञासमा दीर्घकालीन दायित्व व्यवस्थापन गर्न कम्पनीको लगानी रणनीति कतिको सुरक्षित र दीगो छ ? दोस्रो जिज्ञासमा व्यतित बीमालेख न्यूनिकरण गर्न तथा ग्राहकको निरन्तरता बढाउनका लागि कम्पनीले के कस्ता रणनीति अपनाइरहेको छ ? त्यसैगरी मेरा सुझावहरुमा कम्पनीले न्यून आय वर्गलाई लक्षित गरी बीमा योजना जारी गर्नुपर्ने, दाबी भुक्तानी प्रक्रिया अझ सरल र छिटो बनाउन Digital माध्यमको भरपुर प्रयोग गर्नुपर्ने र खर्चमा मितव्ययीता अपनाउन पर्ने सुझाव व्यक्त गर्दछु। अन्त्यमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

१४. श्री बैजुनाथ रौनियार। (लिखित राय सुझाव)

आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, सञ्चालक समितीका सदस्यज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिवज्यू, व्यवस्थापन समूह तथा सम्पूर्ण कर्मचारी र शेयरधनीमा म इन्जिनीयर बैजुनाथ रौनियारको हार्दिक अभिवादन तथा नमस्कार छ। विद्यमान देशको परिस्थितीका बाबजुद पनि आर्थिक वर्ष २०८१/०८२ को लागी १०.५२६३२% नगद लाभांश वितरण गर्न सफल भएकोमा हामी शेयरधनीहरु धेरै नै खुशी

छौं । अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदनमा समावेश भएको रणनीति तथा कार्ययोजनाबाट कम्पनी अझ उन्नति र प्रगतीतर्फ अघि बढ्ने देखिएको हुँदा हामी शेयरधनीहरू धैरै उत्साहित भएका छौं र हाम्रो लगानी सुरक्षीत रहने विश्वास लिएका छौं । विगतको वर्षको तुलनामा समीक्षा वर्षमा कम्पनीको EPS र खुद नाफा घटेको छ । यसलाई आउने दिनमा आवश्यक सुधार गरि बढाउनु पर्ने अनुरोध छ । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्दा विशेषतः शिक्षा, स्वास्थ र विभिन्न वर्गहरुका उत्थानको लागी गर्नुपर्ने सुझाव दिन चाहन्छु । कम्पनीमा गठित विभिन्न समितिको काम कारवाहीबाट कम्पनीको आन्तरीक नियन्त्रण तथा संस्थागत सुशासन सवल रहेको जनाउने हुँदा यो कम्पनी लगानीकर्ता मैत्री कम्पनी रहेको विश्वास लिएको छु । यस साधारण सभामा छलफलका लागि पेश गरीएको सामान्य तथा विशेष प्रस्तावहरूमा मेरो पूर्ण समर्थन छ । अन्त्यमा कम्पनीको उतरोत्तर उन्नती र प्रगतिको कामना गर्दछु । जय आईएमई लाइफ ।

१५. श्री लक्ष्मण बहादुर श्रेष्ठ । (लिखित राय सुझाव)

यस आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभाको सभाध्यक्षता ग्रहण गरीरहनुभएका कम्पनीका सञ्चालक समितिका अध्यक्षज्यू, सञ्चालकज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिवज्यू लगायत सभामा उपस्थित शेयरधनीहरुमा मेरो नमस्कार । कम्पनीले वार्षिक साधारणसभा समयमै सम्पन्न गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापन समूहलाई धन्यवाद दिन चाहन्छु । आगामि वार्षिक साधारण सभा प्रथम त्रैमासभित्र नै सम्पन्न गर्न आग्रह गर्दछु । कम्पनीले आर्थिक वर्ष २०८१/८२ को मुनाफाबाट तत्काल कायम रहेको चुक्ता पूँजीको १०.५२३६२% नगद लाभांश वितरण गर्न सफल भएकोमा धन्यवाद । आगामी वर्षमा लाभांश नघटाई बोनस शेयर र नगद लाभांश ५०/५० अनुपातमा वितरण गर्न अनुरोध गर्दछु । साथै भाद्र २३ र २४ को घटनाबाट कम्पनीलाई कुनै किसिमको क्षति भए/नभएको सम्बन्धमा जानकारीका लागि अनुरोध छ । त्यसैगरी खर्चमा मितव्ययीता अपनाउन अनुरोध गर्दै कम्पनीको उन्नति तथा प्रगतिमा साथ दिने सम्पूर्ण कर्मचारीप्रति आभार प्रकट गर्दै साधारण सभामा पेश भएका सवै प्रस्तावहरुमा मेरो पूर्ण समर्थन जनाउँदछु र कम्पनीको वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

१६. श्री रामजी प्रसाद पण्डीत । (लिखित राय सुझाव)

कम्पनीको नवौं वार्षिक साधारण सभामा लिखित रूपमा आफ्नो विचार व्यक्त गर्ने अवसर प्रदान गर्नु भएकोमा कम्पनीलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । समीक्षा वर्षको मुनाफाबाट शेयरधनीहरूलाई १०.५२६३२% नगद लाभांश प्रदान गर्नुभएकोमा कम्पनी प्रति हार्दिक आभार व्यक्त गर्दछु । आगामी वर्षमा पनि यस्तै वा अझ राम्रो लाभांशको अपेक्षा गरेका छौँ । कम्पनीलाई निरन्तर प्रगतितर्फ अग्रसर गराउँदै वितरणयोग्य नाफा आर्जन गर्न कडा मेहनत गर्नुहुने अध्यक्षज्यू, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन टोली तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । आगामी वर्षहरूमा बोनस शेयर भन्दा नगद लाभांशलाई प्राथमिकता दिनुहुन अनुरोध गर्दछु । नियामक निकायले पूँजी वृद्धि गर्न बाध्य नपारेसम्म यो अभ्यासलाई निरन्तरता दिनु पर्ने सुझाव राख्न चाहन्छु । शाखा सञ्जाल विस्तार गर्दा विशेष सजकता अपनाउन अनुरोध गर्दछु । त्यसैगरी हालसम्म कम्पनीले कुनै अन्य कम्पनीसँग गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने कार्यमा संलग्न नभई आफ्नो भिन्न विशेषतामा अडिग रहेको हुँदा भविष्यमा पनि यस विषयमा अडिग रहन अनुरोध गर्दछु । अन्त्यमा कम्पनीको साधारण सभामा स्वीकृतिका लागि प्रस्तुत गरिएका सम्पूर्ण साधारण तथा विशेष प्रस्तावहरू प्रति मेरो पूर्ण समर्थन रहेको छ ।

१७. श्री डमरु वल्लभ घिमिरे । (लिखित राय सुझाव)

यस आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभाका सभाध्यक्ष महोदय, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, व्यवस्थापन वर्गहरू र उपस्थित शेयरधनी मित्रहरू लगायत सम्पूर्णमा हार्दिक नमस्कार । सर्वप्रथम बीमा कम्पनीहरुले पनि पौष मसान्तभित्र वार्षिक साधारण सभा अयोजना गर्न सुरु गरेको र यस कम्पनीले पनि आज पौष २४ गते साधारण सभा अयोजना गरेकामा मुरी मुरी धन्यवाद र व्यवस्थापनका सबै कर्मचारीहरूमा विशेष बधाई छ । वार्षिक प्रतिवेदन अध्ययन र विश्लेषण गर्दा, गत वर्षको तुलनामा समीक्षा वर्षमा पनि कम्पनीको आर्थिक सूचकांकमा वृद्धि भएको देखिन्छ । कम्पनीका सबै पक्षको संयुक्त प्रयासले नै उक्त वृद्धि हासिल गर्न सफल भएको हो । हामी शेयरधनी मुख्य चाहना अनुरूप यस कम्पनीले गत आर्थिक वर्ष देखि निरन्तररुपमा दुई अंकको नगद लाभांश प्रदान गर्न सफल भएको छ जुन सकारात्मक पक्ष हो । आगामी वर्ष देखी बोनस शेयर र नगद लाभांश ५०/५० को अनुपातमा वितरण गर्ने प्रस्ताव पेश गर्न अनुरोध गर्दछु । कम्पनीले आफ्नो केन्द्रिय कार्यालय सञ्चालनका लागि आफ्नै घर/जग्गा खरिद गर्नका लागि सुझाव दिन चाहन्छु । अन्त्यमा कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्दछु ।

१८. श्री सुरेन्द्र चिमोरिया । (लिखित राय सुझाव)

यस आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभाका सभाध्यक्ष महोदय, सञ्चालकज्यूहरू, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन वर्ग र यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक अभिवादन छ । प्रस्तुत प्रतिवेदन अध्ययन र विश्लेषण गर्दा कम्पनीका सञ्चालक समिति, व्यवस्थापन समूह र कर्मचारीहरुको अथक मिहेनत र परिश्रम देखिन्छ जुन सम्मानयोग्य र कदरयोग्य छ । हामी लगानीकर्ताको लागी १०.५२६३२% लाभांश प्रस्ताव गर्नु भएकोमा कृतज्ञता ज्ञापन गर्दछु । आगामी वर्ष वोनस शेयर सहितको नगद लाभांश वितरण गर्नु हुन अनुरोध गर्दै नवौं वार्षिक साधारण सभाको सफलताको शुभकामना छ ।

१९. श्री माधव प्रसाद सिंखडा । (लिखित राय सुझाव)

आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभा समयमा गर्नु भएकोमा कम्पनीका सञ्चालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद छ । आगामी वर्ष देखि असोज देखि कार्तिक महिनाभित्र साधारण सभा सम्पन्न गर्नुहुन अनुरोध छ । १०.५२६३२% नगद लाभांश प्रस्ताव गर्नु भएकोमा धन्यवाद छ। आगामी वर्ष अझ राम्रो लाभांशका लागि आशावादि छु । कम्पनीको वार्षिक प्रतिवेदन सन्तुलित र राम्रो रहेको छ । कम्पनीका नविनत्म वीमालेख योजनाहरु र व्यतित बीमालेखको अवस्था के-कस्तो रहेको छ ? जानकारीका लागि अनुरोध छ । अन्त्यमा यस साधारण सभामा पेश भएका सबै प्रस्तावहरुमा मेरो समर्थन रहेको जानकारी गराउँदै साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

२०. श्री सुदिप श्रेष्ठ । (लिखित राय सुझाव)

यस कम्पनीको नवौं बार्षिक साधारण सभामा आफ्नो दुई शब्द राख्ने अवसर दिनु भएकोमा यस सभाका सभाध्यक्षज्यू, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृज्यू, कम्पनी सचिवज्यू लगायत उपस्थित शेयरधनीहरुमा मेरो नमस्कार छ । शेयरधनीहरुको मुख्य उद्देश्य प्रतिफलमा केन्द्रित रहने भएको हुँदा यस कम्पनीले शेयरधनीहरुको लगानीको उच्च कदर गर्दै यस आ.व. ०८१/०८२ को मुनाफाबाट १०.५२६३२% नगद लाभांश दिएको देखिन्छ । कम्पनीले पौष मसान्तभित्र वार्षिक साधारण सभा अयोजना गर्न सफल भएकोमा शेयरधनीहरुको मन जित्न सफल भएको देखिन्छ । समीक्षा वर्ष कम्पनीको कूल बीमा शुल्क २०.७०% वृद्धि भएको र कम्पनीमा १७ वटा बीमलेख योजनाहरु र ४७ हजार Certified agents आबद्ध रहेको देखिन्छ । त्यसैगरी समीक्षा वर्षमा

कम्पनीको Solvency margin ratio राम्रो भएको हुँदा कम्पनीले शेयरधनी तथा बीमितहरुको अझै बढी विश्वास जित्न सफल भएको हो । अन्त्यमा कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्दछु ।

त्यसैगरी श्री राम गोपाल महर्जन, श्री भेष राज भण्डारी, श्री राम श्रेष्ठ र श्री कृष्ण प्रसाद अधिकारीज्यूबाट मौखिकरुपमा कम्पनीको साधारण सभाको सफलताको कामना सहित कम्पनीको उत्तरोतर प्रगतिको शुभकामना प्राप्त भएको छ ।

१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ:

अध्यक्षज्यूले शेयरधनीहरुको जिज्ञासाको जवाफ दिने क्रममा प्राप्त भएका सम्पूर्ण राय, सल्लाह सुझाव र जिज्ञासाहरु सकारात्मक तथा व्यवहारिक रहेकोले प्राप्त राय, सल्लाह तथा सुझावलाई आगामी दिनमा मार्गदर्शनका रुपमा लिई अगाडि बढ्ने बताउनु भयो । कम्पनीको समग्र सुदृढीकरण र सफलताका लागि व्यक्त गरिएका यी सुझावहरूको उच्च कदर गर्दै कम्पनीले उक्त विषयलाई गम्भीरतापूर्वक ग्रहण गरेको व्यहोरा अनुरोध गर्नुभयो । शेयरधनीहरुको सुझाव बमोजिम आगामी दिनहरूमा वार्षिक साधारण सभाको मिति, समय तथा स्थान निर्धारण गर्दा शेयरधनीहरूको सहज सहभागिता सुनिश्चित हुने गरी सुलभ स्थानमा तथा अन्य कम्पनीहरूको सभासँग समय नजुध्ने गरी आयोजना गर्न प्रयास गर्ने व्यहोरा अनुरोध गर्नुभयो । साथै, कम्पनीले लगानीमा विविधीकरणलाई विशेष प्राथमिकता दिँदै आएको र वर्तमान अवस्थामा जीवन बीमा कम्पनीहरूका लागि लगानीको विविधीकरण एक प्रमुख चुनौतीका रूपमा रहेको विषयप्रति कम्पनी पूर्ण रूपमा सजग रहेको जानकारी दिनुभयो । कम्पनीले शेयर तथा अन्य क्षेत्रमा गरिने लगानीमा सट्टेबाजीभन्दा टाढा रहँदै व्यवहारिक, विवेकपूर्ण र दीर्घकालीन दृष्टिकोणका साथ लगानी गर्दै आइरहनुका साथै लगानीको सम्बन्धमा नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणद्वारा तोकिएको सीमा तथा मापदण्डभित्र रही लगानी गरिरहेको व्यहोरा स्पष्ट पार्नु भयो ।

त्यसैगरी कम्पनीको सञ्चालक समिति शेयरधनीहरूलाई दिगो तथा आकर्षक प्रतिफल प्रदान गर्न सदैव प्रतिबद्ध रहेको र आगामी वर्षदेखि समयानुकूल रूपमा साधारण सभामा आफ्नो विचार, राय र सुझाव प्रस्तुत गर्ने शेयरधनीहरूलाई वार्षिक प्रतिवेदन समयमै उपलब्ध गराउन प्रयास गर्ने व्यहोरा अनुरोध गर्नुभयो । साथै कम्पनीले शेयरधनीहरुको सहजताका लागि सदैव साधारण सभा हुनु एक साताअघि नै कम्पनीको आधिकारिक वेबसाइट मार्फत उक्त प्रतिवेदन अध्ययनका लागि सार्वजनिक गर्ने गरेको व्यहोरा जानकारीका लागि अनुरोध गर्नुभयो ।

बीमितलाई लक्षित नवीनत्म कार्यक्रमहरू ल्याउनुपर्ने विषयका सम्बन्धमा प्राप्त सुझावहरू अत्यन्तै सान्दर्भिक रहेको र यस विषयमा कम्पनीले आवश्यक पहल गर्ने र लाभांश वितरण सम्बन्धी प्राप्त राय, सल्लाह तथा सुझावहरूलाई आगामी दिनहरूमा चरणबद्ध रूपमा कार्यान्वयन गरिने जानकारी गराउनु भयो । साथै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उठाइएका विषयहरूमा नीतिगत स्पष्टता आवश्यक रहेकोले भविष्यमा यस विषयमा थप अध्ययन, समीक्षा र स्पष्टता कायम गरिने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

अन्त्यमा, कम्पनीको सञ्चालक समिति पारदर्शिता, उत्तरदायित्व तथा प्रतिबद्धताका साथ अघि बढिरहेको र भविष्यमा पनि शेयरधनीहरूको निरन्तर साथ, सहयोग, शुभेच्छा तथा रचनात्मक सुझावको अपेक्षा रहेको व्यहोरा व्यक्त गर्नुभयो ।

१३. सभाको निर्णयः

(क) सामान्य प्रस्तावहरुः

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले नवौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्नका लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचीहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचीहरु सहितको वित्तीय विवरण माथि विस्तृतरुपमा छलफल गरी पारित गर्नका लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री एस.ए.आर एशोसिएट्स चाटर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य रहेको) ।

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम प्रथम पटक आर्थिक वर्ष २०८०/०८१ का लागि कम्पनीको सातौं वार्षिक साधारण सभाबाट नियुक्त भएको वाह्य लेखापरीक्षक श्री एस.ए.आर एशोसिएट्स चाटर्ड एकाउन्टेन्ट्स फर्म आठौं वार्षिक साधारण सभाबाट पुनः दोस्रो पटक आर्थिक वर्ष २०८१/०८२ का लागि कम्पनीको वाह्य लेखापरीक्षककारुपमा नियुक्त भएकोमा कम्पनीको लेखापरीक्षण समितिको मिति २०८२/०८/२९ गते बसेको ६५औं बैंठकबाट उक्त फर्म आर्थिक

वर्ष २०८२/०८३ का लागि तेस्रो पटक पुनः नियुक्त हुन योग्य रहेको भनि सिफारिस भई आए बमोजिम उक्त फर्मलाई आर्थिक वर्ष २०८२/०८३ का लागि कम्पनीको वाह्य लेखापरीक्षककारुपमा नियुक्त गर्न र निजको पारिश्रमिक मु.अ. कर सहित रु.५,६५,०००।- (अक्षरेपी पाँच लाख पैंसठी हजार रुपैंया मात्र) निर्धारण गर्नका लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृति प्रदान गऱ्यो ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ को वितरण योग्य मुनाफाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ५,००,००,००,०००/-(अक्षरेपी पाँच अर्व रुपैंया मात्र) को १०.५२६३२% (अक्षरेपी दश दशमलब पाँच दुई छ तीन दुई प्रतिशत) का दरले हुने रु. ५२,६३,१५,७८९/-(अक्षरेपी बाउन्न करोड त्रिसट्ठी लाख पन्ध्र हजार सात सय उनान्नब्बे रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजन समेत) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ को वितरण योग्य मुनाफाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ५,००,००,००,०००/-(अक्षरेपी पाँच अर्व रुपैंया मात्र) को १०.५२६३२% (अक्षरेपी दश दशमलब पाँच दुई छ तीन दुई प्रतिशत) का दरले हुने रु. ५२,६३,१५,७८९/-(अक्षरेपी बाउन्न करोड त्रिसट्ठी लाख पन्ध्र हजार सात सय उनान्नब्बे रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजन समेत) वितरण गर्ने प्रस्ताव पारित गर्न अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

(ख) विशेष प्रस्तावहरु :

(१) कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरवदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरवदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृति गऱ्यो ।

(२) कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम आर्थिक वर्ष २०८१/०८२ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।

कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम आर्थिक वर्ष २०८१/०८२ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको रु.४१ लाख ९१ हजार ८ सय १६ रुपैंया खर्च अनुमोदन गर्न अध्यक्षज्युले सभा समक्ष पेश गर्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

(ग) विविध ।

कम्पनीका अध्यक्षज्यूले विविध प्रस्ताव अन्तर्गत कुनै पनि प्रस्ताव नभएको जानकारी गराउँनु भयो ।

१४. धन्यबाद ज्ञापन तथा सभा विसर्जन:

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले छलफलमा सकारात्मक तथा सक्रियरुपले सहभागी भई कम्पनीको उन्नति र प्रगतिमा निरन्तर अमूल्य सुझाब र सहयोग गर्ने आदरणीय शेयरधनी महानुभावहरुमा हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्नुभयो । त्यसैगरी कम्पनी प्रति विश्वास र भरोसा गर्नुहुने समस्त बीमितहरु, नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री धितोपत्र वोर्ड, श्री नेपाल स्टक एक्सचेञ्ज, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरु, कम्पनीको शेयर रजिष्ट्रार, पुनर्बीमा कम्पनी, कम्पनीको व्यवस्थापन समुह, कर्मचारीहरु, अभिकर्ताहरु, पत्रकारहरु, बैंक तथा वित्तीय संस्थाहरु एवं सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै विहान ११.१५ बजे सभा बिसर्जन गर्नु भयो ।

....
प्रकाश न्यौपाने
कम्पनी सचिव

....
डा. रामहरि अर्याल
अध्यक्ष

मिति:२०८२/०९/२९